नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनकुटा

आज मिति २०७६ माघ २१ गते मंगलबारका दिन प्रमुख जिल्ला अधिकारी डा. कृष्णबहादुर घिमिरेको अध्यक्षतामा सार्वजनिक सवारी साधनमा जेष्ठ नागरिकलाई छुट र सुविधा दिने सम्बन्धी कार्यविधि, २०७० को दफा ४ को उपदफा ३ बमोजिमको जिल्ला अनुगमन समितिको संयुक्त टोली (जिल्ला प्रहरी कार्यालय प्रमुख प्र.उ. सुदर्शन प्रसाद कोइराला, जिल्ला ट्राफिक प्रहरी कार्यालाय प्रमुख प्र.ना.नि. सुरेन्द्र खड्का, यातायात व्यवस्था सेवा कार्यालय धनकुटाका प्रमुख ईश्वर थापा लगायतको) ले सार्वजनिक सवारी साधनमा जेष्ठ नागरिकलाई छुट र सुविधा दिने सम्बन्धी कार्यविधि, २०७० ले गरेका व्यवस्थाहरु तथा यस अघि मिति २०७६ मंसिर १६ गते गरिएका निर्णयहरु कार्यान्वयनको अवस्थाका सम्बन्धमा धनकुटा जिल्ला तथा यस जिल्ला भएर चल्ने सार्वजनिक सवारी साधनहरुको धनकुटा बसपार्क नजिकै रहेको जिरो प्वाइन्ट क्षेत्रमा दिनको ठिक १ बजे देखि अनुगमन गर्ने कार्य गरियो ।

सो क्रममा २५ वटा सार्वजनिक सवारी साधनहरुको अनुगमन गर्दा देहाय बमोजिम रहेको पाइयो :

- अधिकांश (२३ वटा) सवारी साधनका चालक तथा सहचालकहरुलाई आरक्षण सम्बन्धि ऐन नियमको जानकारी भएको पाइयो ।
- सबै सवारी साधनहरुले आरक्षण सिट छुट्याएको पाइयो ।
- १ वटा सवारी साधनले बढी भाडा लिएको पाइएकोले सम्बन्धित जेष्ठ नागरिक यात्रुलाई बढी लिएको भाडा फिर्ता गराई सवारी साधनका चालक तथा सहचालकलाई आगामी दिनमा उक्त कार्य नदोहोऱ्याउन सचेत समेत गराइयो ।
- अनुगमन गरिएका सवारी साधनहरुलाई सार्वजनिक सवारी साधनहरुमा प्रचलित ऐन, नियम तथा कार्यविधीहरुले गरेको आरक्षण तथा छुट सम्बन्धि व्यवस्था सम्बन्धमा जानकारी गराई सो व्यवस्थाको कार्यान्वयन नगर्दा वा उल्लंघन गर्दा व्यहोर्नुपर्ने कानूनी सजाय तथा जरिवानाको बारेमा समेत सचेतना गराउने कार्य गरियो ।

डा. कृष्णबहादुर घिमिरे
प्रमुख जिल्ला अधिकारी